ネパール語版

# जीवनयापन तथा रोजगारी गाइडबुक


~जापानमा जीवनयापन गर्ने समस्त विदेशी नागरिक समक्ष~



अध्यागमन विभागको पर्यवेक्षणमा

अस्थायी अनुवाद

परिच्छेद-9 **यातायात**



# 1 ट्राफिक नियम


सडकबाट धेरै मानिस तथा सवारी साधनहरू आवतजावत गर्छन्। सुरक्षित, सहज तरिकाले आवतजावत गर्न सक्ने गरीकन सवारी नियम पालना गरी, सडक आचरणलाई व्यवहारमा उतार्नु सामाजिक प्राणीको दायित्व हो।

## 1-1 हिँड्दा सोच्न पर्ने कुराहरू

### (1) आवतजावत गर्दा

**मूलतः मानिसले दायाँ र सवारी साधनले बायाँ पट्टि, सम्मुख हुने गरी आवतजावत गर्नुपर्ने**

- सडकको दायाँ किनाराबाट आवतजावत गर्नुपर्छ।
- सडक-पेटी या रोड साइड भएमा, त्यहाँबाट हिँड्नुपर्छ।




### (2) बाटो काट्ने तरिका

**सुरक्षित स्थानबाट बाटो काट्ने**

- ट्राफिक-लाइट भएको स्थान या जेब्रा क्रसिङ, आकाशे पुल, बाटो पार गर्न बनाइएको सब-वे नजिकै भएको ठाउँमा, त्यहाँबाट बाटो काट्ने गर्नुपर्छ।
- "歩行者横断禁止" अर्थात् "पैदलयात्री बाटो काट्न निषेध"को साङ्केतिक चिन्ह भएको ठाउँमा, कुनै पनि हालतमा बाटो काट्न हुँदैन।
- बाटो काट्ने ठाउंमा हात उठाउने, चालक तर्फ़ मुख फ़र्काउने आदि गरेर चालकलाई बाटो काट्न खोजेको कुरा स्पष्ट पारी सुरक्षाको निश्चित भएपछि बाटो काट्ने ।
- बाटो काट्दै गर्दा पनि गाडि आएको छ कि निश्चित गर्ने ।

**ट्राफिक-लाइटको अर्थ**



- हरियो बत्ती: अघि बढ्ने।
- पहेँलो बत्ती वा हरियो बत्ती धिपधिप गर्दा: बाटो काट्न सुरु गर्न हुँदैन। बाटो काट्दा काट्दै भए छिटो-छिटो बाटो काट्ने अथवा, बाटो काट्न छोडेर वारि तर्फ नै फर्किनु पर्छ।
- रातो बत्ती: बाटो काट्न हुँदैन।
- थिच्ने बटन भएको ट्राफिक-लाइट भएमा: बटन थिचेर, हरियो सङ्केतमा परिवर्तन भएको हेरेर मात्र बाटो काट्नुपर्छ।

### ट्राफिक-लाइट नभएको स्थानबाट बाटो काट्दा

- दायाँ बायाँ सबै राम्ररी देखिने ठाउँबाट बाटो काट्नुपर्छ।
- बाटो काट्नु अघि एकपटक रोकिएर, दायाँ बायाँ राम्ररी हेरेर सवारी साधन नआएको निश्चय गर्नुपर्छ। सवारी साधन नजिकै आउँदै गरेको भए, सवारी साधन पार नहुँदासम्म पर्खिनुपर्छ।
- बाटो काट्ने क्रममा पनि सवारी साधन आए नआएको हेर्दै, सिधा अघि बढ्नुपर्छ। छड्के बाटो काट्न हुँदैन।

### रेल-रोड-क्रसिङ पार गर्ने तरिका

- रेल-रोड-क्रसिङ्को ठिक अगाडि पुगेपछि एकछिन रोकिएर, दायाँ बायाँ सुरक्षित भएको निश्चय गर्नुपर्छ।
- सावधानी अलार्म बजिरहेको बेला या क्रसिङ-बार झर्न सुरु भएपछि, कुनै पनि हालतमा रेल-रोड-क्रसिङ्ग प्रवेश गर्न हुँदैन।

## (3) राती सडकमा हिँड्दा

### चम्किलो रङ्गको लुगा र टल्किने सामाग्री लगाउने

राती सडकमा हिँड्दा, सेतो या पहेँलो चम्किलो रङ्गको लुगा सँगसँगै, टल्किने चिज या LED लाइटलाई शरीर या बोकेको सामानमा लगाएर, सवारी साधनबाट राम्ररी देखिने बनेर हिँडौं।

# 1-2 साइकल चढ्दा सोच्न पर्ने कुराहरू

## (1) साइकल चलाउने नियम "साइकल सुरक्षित प्रयोगको 5 सिद्धान्त"को पालना

### सिद्धान्त 1; सडकको बायाँ छेउमा हिड्नुहोस् फुटपाथहरू अपवाद हुन्; पैदलयात्रीहरूलाई प्राथमिकता दिनुपर्छ छ।



- साइकल भनेको सवारी साधन भएकोले, सिद्धान्ततः मोटर बाटो बायाँ तर्फबाट चलाउने हो।
- साइकल हिँड्ने बाटो भएको ठाउँमा भने, साइकल हिँड्ने बाटोबाट चलाउने हो।
- साइकल यात्रीहरूले सडकको देब्रेपट्टिको फुटपाथ प्रयोग गर्न सक्ने भए तापनि तिनीहरूले पैदल यात्रुहरूको यात्रामा बाधा पुर्‍याउनु हुँदैन।
- 13 वर्ष भन्दा मुनिका बच्चा, 70 वर्ष वा सो भन्दा माथिका वृद्ध व्यक्ति, शारीरिक अशक्तता भएका व्यक्तिले, सडक-पेटीबाट साइकल चलाउन सक्नेछन्।
- सडकको बायाँ छेउको साइड स्ट्रिपबाट पार गर्न सकिन्छ तर पैदल यात्रु ट्राफिकलाई अवरुद्ध गर्नु हुँदैन।
- यदि फुटपाथमा हिड्न मिल्ने अबस्थामा, सडकमा तुरुन्तै रोक्न सकिने गतिमा सुस्त हुनुपर्छ।
- यदि पैदल यात्रुको ट्राफिकमा अवरोध गर्ने जोखिम छ भने, नरोकिहुधेन।


### सिद्धान्त 2; ट्राफिक चोकहहरूमा, ट्राफिक संकेतहरूको पालना र सुरक्षा पुष्टि होस्।

- ट्राफिक लाइटहरू भएका चोकहरूमा, बत्ती हरियो भएपछि सडक पार गर्नुहोस्।
- रोक्न र आफ्नो सुरक्षा जाँच गर्न आवश्यक पर्ने चोकहरूमा, एकछिन रोकेर सुरक्षा जाँच गर्नुहोस।

### सिद्धान्त 3; राती बत्ती बाल्ने

- साइकल यात्रीहरूले राति साइकल बत्ती प्रयोग गर्नुपर्छ।
- साइकल यात्रीहरूले साइकल चलाउनु अघि साइकल बत्तीहरू पक्कै बालेको छ भनी निरीक्षण गर्नुपर्छ।

### सिद्धान्त 4; सुरक्षा नियम पालना गर्ने



- रक्सी पिएपछि साइकल चलाउन मनाहि छ।

### सिद्धान्त 5; हेल्मेट लगाउने

- साइकल चलाउँदा राइडिङ हेलमेट लगाउने गरौँ।
- अन्य व्यक्तिहरूलाई आफ्नो साइकलमा चडाउँदा, उनीहरूलाई सवारीको हेलमेट लगाउन लगाउनुहोस्।

बच्चाले साइकल चलाउँदा याशिशुलाई शिशु राख्ने सिटमा चढाउँदा, बच्चाको अभिभावकले, सवारी साधन चढ्दा लगाउने खालको हेलमेट लगाइदिने गरौँ।

### अन्य नियम

- दुई जना चढ्ने वा  सवारी  गर्न नगरौँ।
- चलाउँदाछाता ओढ्ने , मोबाइल फोन चलाउने  काम गर्न मनाही छ।
- साइकल दुर्घटनाबाट हुने हानिमा क्षतिपूर्ति दयित्व तथा आफ़्नो घाउचोटको लागि बिमा प्रयोग गर्न सकिन्छ  । यस मध्य बिशेष गरी क्षतिपुर्तिको दायित्व पूरा गर्ने "साइकल क्षतिपुर्ति दायित्व बिमा आदि" टोकियो तथा ओसाका आदि धेरै क्षेत्रमा सामेल नभई नहुने भएकोले ध्यान पुर्याउनु होला ।

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.mlit.go.jp/road/bicycleuse/promotion/index.html

## (2) चौबाटो पार गर्ने तरिका

### दायाँ मोडिँदा

- ट्राफिक-लाइट भएको बेला

  हरियो ट्राफिक-लाइट भएको बेलामा, चौबाटोको बायाँ तर्फ हुँदै उतापट्टि साइडको कर्नर सम्म सिधा अघि बढेर, रोकिएर दिशा परिवर्तन गर्नुपर्छ। सम्मुखमा भएको ट्राफिक-लाइट हरियो भए पछि, अगाडि पछाडि दायाँबायाँ सुरक्षित भएको निश्चय गरेर सिधा अघि बढ्नुपर्छ।
- ट्राफिक-लाइट नभएको बेला

  पछाडि सुरक्षित भएको निश्चय गरी, सडकको बायाँ किनारा हुँदै उतापट्टि साइड सम्म सिधा अघि बढेर, सुरक्षित भएको निश्चय गरी दायाँ मोडिएर सिधा अघि बढ्नुपर्छ।

### बायाँ मोडिँदा

बायाँ मोडिँदा अगाडिको सडकमा बाटो काट्दै गरेका पैदलयात्रीको आवतजावतमा बाधा नपुग्ने गरी चलाऔँ।

### साइकल-क्रसिङ्-बेल्ट भएको स्थान

चौबाटो या त्यसको नजिकै साइकल-क्रसिङ्-बेल्ट भएमा, त्यहाँबाट आवतजावत गर्नुपर्छ।



## 1-3 "विशिष्ट सानो मोटर जडित साइकल" सवारी गर्नेहरूका लागि सुरक्षा गाइडलाइनहरू (विद्‌तीय स्कुटरहरू / किकबोर्डहरू, आदि)

- विद्‌युतीय स्कुटर चलाउन चालक अनुमतिपत्र आवश्यक नभए पनि 16 वर्ष मुनिकालाई यी सवारी चलाउन निषेध गरिएको छ।
- सवारी साधनले "विशेष सानो मोटर जडित साइकल" को विशेष आकार र संरचनात्मक मापदण्डहरू पूरा गर्दैन भने, प्रयोगका लागि चालक अनुमतिपत्र आवश्यक हुनेछ।
- यसमा एक लाइसेन्स प्लेट टाँस्न र दायित्व बीमामा प्रवेश गर्न पनि आवश्यक छ।
- विद्‌युतीय स्कुटरहरू सडकको देब्रेपट्टि चढ्नुपर्छ। दायाँबाट सवारी नहाँक्नुहोस्।
- सबै ट्राफिक लाइट र सङ्केतहरू पालन गर्न निश्चित हुनुहोस्।
- रक्सी पिएर विद्‌युतीय स्कुटर कहिल्यै नहाँक्नुहोस्।
- मदिरा पिउने कसैलाई इलेक्ट्रिक स्कुटर कहिल्यै नदिनुहोस्, वा मादक पदार्थ सेवन गर्दा सवारी चलाउन सक्ने कसैलाई प्रोत्साहन दिनुहोस्।
- दुई जना वा सँगसँगै सवारी नचलाउनुहोस्।
- सवारी चलाउँदा छाता वा मोबाइल फोन प्रयोग नगर्नुहोस्।
- दुर्घटना भयो भने, सवारी रोक्नुहोस् र घाइते हुने जो कोहीलाई मद्दत गर्नुहोस्, र प्रहरीलाई दुर्घटनाको रिपोर्ट गर्नुहोस्।
- विद्‌युतीय स्कुटर चलाउँदा हेलमेट निश्चित रूपमा लगाउनुहोस्।



विस्तृत विवरणहरूका लागि कृपया निम्न वेबसाइट हेर्नुहोस्:

https://www.npa.go.jp/english/bureau/traffic/index.html

## 1-4 सवारी साधन (मोटरबाइक समेत) ड्राइभिङ गर्दा

- सवारी साधन चलाउनको लागि सवारी चालक अनुमति नलिइकन हुँदैन।
- नियम उल्लङ्घन गर्दा या सडक दुर्घटना हुन गएको बखतमा प्रहरीले देखाउन माग गर्दा, सवारी चालक अनुमतिपत्र नदेखाइ हुंदैन ।
- सडकको बायाँ तर्फबाट नचलाइ हुंदैन ।
- पैदलयात्री या साइकलको नजिकबाट गुज्रनुपर्दा, सुरक्षित दूरी राखेर, विस्तारै जानुपर्दछ।
- मादक पदार्थ पिएपछि, कुनै पनि हालतमा सवारी साधन चलाउनु हुँदैन।
- मादक पदार्थ पिएको व्यक्तिलाई आफ्नो सवारी साधन चलाउन दिने, सवारी साधन चलाउने व्यक्तिलाई मादक पदार्थ पिउन सल्लाह दिने, मादक पदार्थ पिएको व्यक्तिलाई चलाउन अनुरोध गर्ने जस्ता कुराहरू गर्नु हुँदैन।
- सवारी साधन चलाउँदा सिट-बेल्ट नलगाइ हुँदैन। साथै, सँगै चढेको व्यक्तिले पनि सिट-बेल्ट नलगाइ हुंदैन ।
- 6 वर्ष भन्दा मुनिका बच्चाले चाइल्ड सिट प्रयोग नगरी हुँदैन।
- सवारी साधन चलाउँदा मोबाइल फोन प्रयोग गर्नु हुंदैन ।
- मोटरसाइकल चलाउँदा हेलमेट अनिवार्य लगाउनुपर्छ।





विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.npa.go.jp/english/bureau/traffic/index.html